बैठक नं : १६
मिति :२०७९/११/२७ गते
समयः दिनको ११:०० बजे ।
स्थानः गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली ।

आज मिति २०७९।११।२७ गते शनिवार दिनको ११.०० बजे गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज वराल ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय पारित गरियो ।

<u>उपस्थिती:</u>

| | |
|---|---|
| १ श्री शंकर राज वराल | गाउँपालिका अध्यक्ष |
| २ श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३ श्री रेगन राज थापा | गाउँपालिका प्रवक्ता |
| ४ सोम प्रसाद बराल | कार्यपालिका सदस्य |
| ५ श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ६ श्री के पि पोखरेल | कार्यपालिका सदस्य |
| ७ श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ८ श्री गोविन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ९ श्री रविन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| १० श्री सम्झना पोखरेल | कार्यपालिका सदस्य |
| ११ श्री सम्वर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२ श्री उर्वशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३ श्री अम्वरदिप वि क | कार्यपालिका सदस्य |
| १४ श्री शान्ता कामी | कार्यपालिका सदस्य |
| १५ श्री खरिमाया पुर्वछाने | कार्यपालिका सदस्य |
| १६ श्री ठाकुर प्रसाद दाहाल | कार्यपालिका सचिव |

**अन्य उपस्थित**

| | |
|---|---|
| श्री तुलसी प्रसाद कोईराला | अधिकृत सातौं प्रशासन शाखा प्रमुख |
| श्री सुविर विक्रम कार्की | अधिकृत (सूचना प्रविधि) |

## प्रस्तावहरुः

१. आगामी आर्थिक वर्ष २०८०/२०८१ को लागी समपुरक तथा विशेष अनुदान योजना सम्वन्धमा ।

२. नक्शा पास सम्वन्धमा ।

३.नेपाल टेलिकमलाई जग्गा उपलब्ध गराउने सम्वन्धमा ।

४. नेपाल दुरसञ्चार प्राधिकरणको सहयोगमा सञ्चालनमा रहेको ईन्टरनेट ठेक्का सम्वन्धमा ।

५. आर्थिक सहायता सम्वन्धमा ।

६. करार सम्झौता नविकरण सम्वन्धमा ।

७. ग्वालटार प्रहरी चौकीमा जडान गरिएको ईन्टरनेट सेवा सम्वन्धमा ।

८. डोर हाजिरिमा कार्यरत कर्मचारी सम्वन्धमा ।

९.सोला भन्ज्याङ्ग र नँया खर्क लिफ्ट खानेपानी उ.स मार्फत काम अगाडी बढाउने सम्वन्धमा ।

१०. वडा मेलमिलाप समितिलाई खाजा खर्च उपलब्ध गराउने सम्वन्धमा ।

११. राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने सम्वन्धमा ।

१२. शिक्षक व्यवस्थापन सम्वन्धमा ।

१३.स्वास्थ्यका लागि पानी (नेवा) संग सहकार्यमा खानेपानी योजना सञ्चालनको लागि समपुरक कोष व्यवस्थापन सम्वन्धमा ।

१४.गोलन्जोर गाउँपालिकाको छात्रवृति वितरण कार्यविधि सम्वन्धमा ।

१५.कार्यपालिका नियमित बैठक सम्वन्धमा ।

१६.झोलुङ्गे पुल आयोजना माग गर्ने सम्वन्धमा ।

१७. आ.व. २०७८/०८० को विशेष अनुदान तर्फ पोषण कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

१८. योजना संसोधन सम्वन्धमा ।

१९. वाल विवाह न्युनिकरण सम्वन्धमा ।

२०. विपद् कोषबाट पाईप खरिद सम्वन्धमा ।

## निर्णयहरु

**निर्णय नं १:प्रस्ताव नं १ माथी छलफल गर्दा** यस गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ मा प्रदेश सरकारबाट विनियोजन हुने प्रदेश समपुरक प्रदेश विशेष र सशर्त अनुदानको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले मिति २०७९ साल फाल्गुण मसान्त सम्म योजना माग भै पत्राचार भएकोले प्रदेश समपुरक अनुदान सम्बन्धि कार्यविधि २०७७ र प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि बमोजिमका प्रकृया पुरा गरी विशेष अनुदान तर्फ तपसिलका  अनुदानका प्रस्ताव पेश गर्ने आजको कार्यपालिका बैठकबाट निर्णय गरियो ।

तपसिलः

| सि.नं | योजना तथा कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | लागत अनुमान रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कुडुले मान्कुटार डुडभन्ज्याङ्ग धनसार सडक स्तरोन्नती गोलन्जोर गाउँपालिका | वडा नं -१ | | |
| २ | ग्वालटार भित्रि सडक  ड्रेन, ग्राभेल र स्तरोन्नती | वडा नं ३-४ | | |
| ३ | किराँते कुभिन्डे धापचौकी सडक स्तरोन्नती तथा नयाँ ट्र्याक ओपन | वडा नं -४ | | |
| ४ | धुलीडाँडाँ विजयछाँप सडक स्तरोन्नती | वडा नं -५ | | |
| ५ | भक्तिराम नाकाजोली हैवार सडक स्तरोन्नती | वडा नं -६ | | |
| ६ | सिम्ले सिंचाई कुलो | वडा नं -७ | | |
| ७ | हर्कपुर सडक स्तर उन्नती | वडा नं -२ | | |
| ८ | वारा घोक्सिला छेत्पा गैरिगाउँ सडक | वडा नं -६ | | |

**निर्णय नं २ :प्रस्ताव नं २ माथी छलफल गर्दा** नक्शा पास स्वीकृत नलिई निर्माण भएका भवनहरुको हकमा गोलन्जोर गाउँपालिकाको भवन निर्माण सम्वन्धी नक्शापास मापदण्ड तथा कार्यविधि २०७९ मा उल्लेख भए अनुरुप  भवन तथा नक्शा अभिलेखिकरणको लागि गाउँपालिकाबाट सम्वन्धीत सवैको लागि ३ महिनाको सूचना आह्वान गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं ३: प्रस्ताव नं ३ माथी छलफल गर्दा** श्री नेपाल टेलिकमको प.स २०७९/०८० च.न.१२५ मिति २०७९/११/०५ को पत्रमा ब्रोडब्यान्ड ईन्टरनेट सेवा (FTTH) दिगो र भरपर्दो रुपमा सञ्चालन प्रयोजनको लागि स्थायी संरचनाहरु निर्माण प्रयोजनार्थ गोलन्जोर गाउँपालिका वडा नं ६ थुम्कादेवी थान आसपास १.५ रोपनी जग्गा भोगाधिकार माग भई आएकोले सोही स्थानमा गाउँपालिकाबाट डिटेल सर्भे र अध्ययन अवलोकन पश्चात निर्णय गर्ने गरी पारित गरियो ।

**निर्णय नं ४ प्रस्ताव नं ४** माथि छलफल गर्दा नेपाल दुरसञ्चार प्राधिकरण अन्तर्गत ग्रामिण दुरसञ्चार विकास कोष प्रयोग गरि गोलन्जोर गाउँपालिका भरिका सामुदायिक आधारभुत विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय, सामुदायिक स्वास्थ्य ईकाइहरुमा ब्रोडब्यान्ड ईन्टरनेट पुर्याउन तथा यस अघि ग्रामिण दुरसञ्चार विकास कोष प्रयोग गरी सञ्चालित परियोजना मार्फत ब्रोडब्यान्ड सेवा जडान तथा सञ्चालन भएका स्थानहरुमा क्षमता अभिवृद्धि गर्न नेपाल दुरसञ्चार प्राधिकरण काठमाण्डौं र गोलन्जोर गाउँपालिका विच मिति २०७८/०२/१३ मा समझदारी पत्र अनुसार ठेक्का सम्झौता अनुसार तोकिएको स्थानमा ठेक्का आह्वान भई श्री एरोनेट प्रा.ली लाई ठेक्का पर्न गई सो स्थानहरुमा नेट जडानको कार्य सम्पन्न गरेकोले देहायको स्थानमा निम्न बमोजिम कारण ८ वटा स्थानमा नेट जडान हुन नसकेकोले निकट भविष्यमा समस्या समाधान पश्चात तत् तत् स्थानहरुमा सो संस्थाले पेश गरेको BOQ बमोजिमकै दर रेट अनुसार असिकल फाईवर केबल व्यहोर्ने र २ वर्षमा लाग्ने महशुल सोही ठेक्काको दर रेट अनुसार सो संस्थालाई जडान पश्चात भुक्तानि दिने निर्णय गरियो । साथै एरोनेट प्रा.लीलाई ठेक्काको अन्तिम बिल रकम भुक्तानि पुर्व सो ८ स्थानमा जडान तथा व्यवस्थापन गर्ने प्रतिवद्धता पत्र प्राप्त पश्चात मात्र अन्तिम रकम भुक्तानि प्रयोजनार्थ गाउँपालिकाको कार्यालयबाट सिफारिस दिने निर्णय गरियो ।

**Left to Implement Project**

| क्र.सं. | संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| 1 | श्री विन्दवासिनी प्रावि, भन्ज्याङखानी | गोलन्जोर १ | विद्युत आपुर्तिको समस्या |
| 2 | श्री पटनदेवी प्रावि, कात्तिके | गोलन्जोर १ | विद्युत आपुर्तिको समस्या |
| 3 | श्री पटनदेवी प्रावि, कटुन्जे | गोलन्जोर १ | विद्युत आपुर्तिको समस्या |
| 4 | श्री सरस्वती प्रावि, लामिडाँडा | गोलन्जोर ४ | ग्रामिण सडक नभएकोले |
| 5 | श्री कालिका प्रावि, नारायणडाँडा | गोलन्जोर ६ | विद्युत पोल नभएको |
| 6 | श्री प्रावि, बन्दीजोर कटहरे | गोलन्जोर ६ | विद्युत पोल नभएको |
| 7 | श्री जन एकता प्रावि, देउराली | गोलन्जोर ५ | मर्ज भएको |
| 8 | श्री जनजागृति प्रावि आरुखोला | गोलन्जोर ७ | शिक्षक विद्यार्थी नभई मर्जको प्रकृयामा |

**निर्णय नं ५: प्रस्ताव नं ५** माथी छलफल गर्दा यस गोलन्जोर गाउँपालिका वडा नं १ निवासी चेत प्रसाद न्यौपानेको घर आगलागी भई आपतकालिन उद्धारको रुपमा यस गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट राहत स्वरुप रकम रु.५००००/-(अक्षरेपी पचास हजार रुपैया मात्र)/- निजलाई उपलब्ध गराइएकोमा उक्त रकम अनुमोदन गर्ने निर्णय पारित गरियो ।साथै गोलन्जोर गाउँपालिका अन्तर्गत विपद् व्यवस्थापन शाखामा परेको निवेदन बमोजिम वडा नं ४ निवासी श्री सोम कुमारि आले, यादव देव आले र वद्री दास श्रेष्ठलाई जनही रकम रु.१५०००/-(अक्षरेपी पन्ध्र हजार रुपैया मात्र) /- दिने निर्णय गरियो ।

**निर्णय नं ६: प्रस्ताव नं ६ माथी छलफल गर्दा** यस गोलन्जोर गाउँपालिकाको कार्यालय अन्तर्गत सेवा करारमा कार्यरत सम्पुर्ण कर्मचारीहरुको आ.२०७९/०८० को असार मसान्त सम्मको करार सेवा नविकरणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७: प्रस्ताव नं ७ माथी छलफल गर्दा** गोलन्जोर गाउँपालिका वडा नं ३ ग्वालटार स्थित प्रहरी चौकी र गाउँपालिका उपाध्यक्षको सचिवालयमा स्थानीय सेवा प्रदायक संस्था श्री एरोनेट प्रा.लीले होम युजर ईन्टरनेट सेवा प्रदान गरेकोमा प्रहरी चौकीबाट उक्त सेवा बापतको रकम भुक्तानिको लागी माग भई आएकोले जडान भएको मितिबाट लागु हुने गरी मासिक ईन्टरनेट सेवा शुल्क गाउँपालिकाले व्यहोर्ने र गाउँपालिका उपाध्यक्ष ज्यूको सचिवालय समेतको ईन्टरनेट शुल्क गाउँपालिकाबाट दिने निर्णय गरियो ।

**निर्णय नं ८: प्रस्ताव नं ८ माथी छलफल गर्दा** यस गोलन्जोर गाउँपालिकाको कार्यालय अन्तर्गत डोर हाजिरिमा कार्यरत सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत कार्यालय सहयोगी बाहेक अन्य विभिन्न कर्मचारीहरुको आ.व. २०७९/८० को फागुन मसान्त सम्मको दैनिक ज्याला दक्षको हकमा रु.११५०/- (अक्षरेपी एघार सय पचास मात्र)/- र अदक्षको हकमा रु.८००/- (अक्षरेपी आठ सय मात्र) कायम गरि भुक्तानि गरी चैत्र १ गते देखि काममा नलगाउने र सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत कार्यालय सहयोगीहरुको हकमा सामुदायिक स्वास्थ्य इकाईमा कार्यालय सहयोगीको दरबन्दि सिर्जना गरि सोहि दरबन्दिमा सेवा करार सम्झौता गरी निरन्तर कायम गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं ९: प्रस्ताव नं ९ माथी छलफल गर्दा** यस चा.लु. आ.व. २०७९/०८० को लागि विशेष अनुदान अन्तर्गत विनियोजन भएको गोलन्जोर गाउँपालिका वडा नं ५ स्थित सोला भन्ज्याङ्ग व्यापारिक स्थल तथा उद्यम व्यवस्थापन सुधार कार्यक्रम वडा नं ५ र गोलन्जोर गाउँपालिका वडा नं ५ को काउले खोला नँया खर्क लिफ्ट सिँचाई आयोजना विशेष अनुदान कार्यविधि बमोजिम ठेक्का प्रक्रियाबाट कार्यान्वयन गरी सम्पन्न गर्न समय नपुग हुने देखिएकोले तत् तत् योजना उपभोक्ता समिति मार्फत तत्काल काम अगाडी बढाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०: प्रस्ताव नं १० माथी छलफल गर्दा** गोलन्जोर गाउँपालिका अन्तर्गत वडा कार्यालयहरुमा गठित वडा मेलमिलाप समितिलाई खाजा खर्च वापत मासिक रु.१००००/-(अक्षरेपी दश हजार मात्र)/- गोलन्जोर गाउँपालिकाको विविध शिर्षकबाट भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं ११: प्रस्ताव नं ११** माथी छलफल गर्दा गोलन्जोर गाउँपालिकाका तपशिल बमोजिमका योजनाहरु निर्माण प्रयोजनार्थ राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.सं | प्रस्तावित योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री मा.वि.नँयाखर्क भवन (१२ कोठे) | गोलन्जोर ५ |

| | | |
|---|---|---|
| २ | गुरुङ्ग डाँडा स्कुल हाउस | गोलन्जोर ५ |
| ३ | जुनार उत्पादन सहकारी भवन निर्माण/मर्मत | गोलन्जोर ५ |
| ४ | सोला भन्ज्याङ्ग भुमेथान तिनमुरे ट्रेकिङ्ग रुट निर्माण | गोलन्जोर ५ |
| ५ | हिले पोखरी पर्यटन प्रवर्द्धन तथा पिकनिक पार्क निर्माण | गोलन्जोर ५ |
| ६ | श्री जनता मावि खनियाखर्क (८ कोठे) | गोलन्जोर ५ |
| ७ | ग्वालटार कात्तिके भर्दौरे ओख्ले खोक्लिङ्ग माझकुभिन्डे जोड्ने बाटो | गोलन्जोर ३ |
| ८ | ग्वालटार कात्तिके पात्ले भञ्ज्याङ्ग हुँदै बेखटाडी | गोलन्जोर ३ |
| ९ | वन्दिजोर खोला पुल सान्ने किंराते हुदै रानी खोला महाभारत मार्ग जोड्ने | गोलन्जोर ३ |
| १० | प्रा.वि धेद्रे (६ कोठे) भवन निर्माण | गोलन्जोर ३ |
| ११ | गैराटोल स्वारा हुदै सल्यानीको पानी ट्याङ्की जोड्ने सडक योजना | गोलन्जोर ७ |
| १२ | भिमलेश्वर महादेव मन्दिर जिर्णोदार | गोलन्जोर ३ |
| १३ | डुकुर सिँह मन्दिर ओख्ले मर्मत | गोलन्जोर ३ |
| १४ | सुँगुरे खोला माथिल्लो फाट तल्लो फाट संरक्षण ग्याविन निर्माण | गोलन्जोर ६ |
| १५ | भण्डास खोला हुँदै तल्लो वलेनी ग्याविन निर्माण र्यफ्टिङ्ग भवन सम्म | गोलन्जोर ६ |

**निर्णय नं १२: प्रस्ताव नं १२ माथी छलफल गर्दा** गोलन्जोर गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्नु पर्ने भएकोले श्री कालिका प्रा.वि, डुडेमा कार्यरत श्री दुर्गा कुमारी आलेलाई श्री शारदा मा.वि. वेखटाडीमा व्यवस्थापन गर्ने र श्री शारद मावि बेख टाडीमा कार्यरत शिक्षक श्री लोकेन्द्र प्रताप राना मगरलाई श्री कालिका प्रा.वि डुडेमा व्यवस्थापन गरी हेरफेर गर्ने निर्णय गरियो ।

**निर्णय नं १३: प्रस्ताव नं १३ माथी छलफल गर्दा** स्वास्थ्यको लागि पानी (नेवा) संगको सहकार्यमा खानेपानी योजना चा.लु. आ.व २०७९/०८० मा सञ्चालन भएको कुभिन्डे खानेपानीलाई कुल रकम रु.१५५०१०७/-(अक्षरेपी पन्ध्र लाख पचास हजार एक सय सात मात्र)/- समपुरक कोषमा विनियोजित रकमबाट रकम भुक्तानि गर्ने निर्णय गरियो ।साथै आगामी आ.व.२०८०/०८१ को लागि स्वास्थ्यको लागि पानी (नेवा) संग सहकार्यका लागि समपुरक अनुदान प्रयोजनार्थ यस गाउँपालिकाबाट रकम रु. ५०६३२११/-( अक्षरेपी पचास लाख त्रिसठ्टी हजार दुई सय एघार मात्र) विनियोजित गर्ने प्रतिवद्धता व्यक्त गरी जानकारी पठाउने निर्णय गरियो ।

**निर्णय नं १४: प्रस्ताव नं १४** माथी छलफल गर्दा गोलन्जोर गाउँपालिकाको छात्रवृति वितरण कार्यविधि २०७९ स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं १५: प्रस्ताव नं १५ माथी छलफल गर्दा** गोलन्जोर गाउँ कार्यपालिकाको वैठक नियमित रुपमा प्रत्येक महिनाको १५ गते दिनको ११:०० बजे बस्ने निर्णय गरियो ।

**निर्णय नं १६: प्रस्ताव नं १६ माथी छलफल गर्दा** यस गाउँपालिका क्षेत्रमा आम समुदायमा आवत-जावत गर्न सजिलो र सहज तुल्याउनको निम्ति झोलुङ्गे पुल निर्माण आवश्यक भएको स्थानमा माग गरी पेश गर्न

लागि सहरी विकास मन्त्रालय (स्थानिय पुर्वाधार विकास आयोजना) मकवानपुर हेटौंडामा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं १७: प्रस्ताव नं १७ माथी छलफल गर्दा** यस गाउँपालिकाको लागि आ व २०७९/०८० को संघीय विशेष अनुदान अन्तर्गत सुनौला १००० दिनका आमा तथा बालबालिकाहरुका लागि पोषिलो खानेकुरा उत्पादन, वितरण पशु पालन र कृषि कार्यक्रम संचालन सम्बन्धि कार्यक्रम संचालनको लागि रु ५०,००,०००। (अक्षरुपी पचौंस लाख) विनियोजन भएको र सो कार्यक्रम संचालन गाउँपालिका अन्तर्गत सम्पुर्ण वडाहरुमा सञ्चालन गरी कार्यान्वयन गर्ने निर्णय गरियो । साथै कार्यक्रम संचालनको लागि विषयगत शाखाको सहभागितामा यस गाउँपालिकालाई पोषण क्षेत्रमा सुधार र पोषण मैत्री गाउँपालिकाको लागि आवश्यक सूचकमा सुधार हुने कार्यक्रम प्रस्ताव स्वीकृत गरी कार्य योजना निर्माण तथा जिम्मेवारी विभाजन गरी गाउँ कार्यपालिकाको कार्यालयले यथाशक्य कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं १८: प्रस्ताव नं १८ माथी छलफल गर्दा** गोलन्जोर गाउँपालिका अन्तर्गत वडा नं ५ का तपसिलका योजना तथा कार्यक्रमहरु देहाय बमोजिम हुने गरी संसोधन गर्न गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**तपसिल:**

| सि.नं | साविक योजना तथा कार्यक्रम | रकम रु. | संसोधित योजना तथा कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|---|---|
| १ | वन उपभोक्ता समिति विजयछाप | रु.१०००००/- | - | |
| २ | छव्विसबाट गोविन्द बसेल घर जाने बाटो | रु.१०००००/- | घट्ट माथी मन्दिर निर्माण | रु.३०००००/- |
| ३ | नँयाखर्क विनिता घर जाने बाटो | रु.१०००००/- | | |

**निर्णय नं १९: प्रस्ताव नं २० माथी छलफल गर्दा** यस गाउँपालिका क्षेत्र भित्र वालविवाह न्युनिकरण गर्ने उद्धेश्यले २० वर्ष उमेर पुगि विवाह गर्न योग्य उमेर भएका केटा वा केटीले विबाह गर्नु पूर्व विवाह योग्य उमेर पुगेको प्रमाण खुल्ने सरकारी कागजातको आधारमा सम्वन्धीत वडाको सिफारिस लिनुपर्ने अन्यथा गरेमा सम्वन्धीत व्यक्तिले गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधाबाट वञ्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं २०: प्रस्ताव नं २० माथी छलफल गर्दा** गोलन्जोर गाउँपालिका वडा नं ३ गैरी पसलमा सिँचाई पाईप खरिद गरी सिँचाई गर्नको लागि सुवास श्रेष्ठलाई प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी रकम रु.३००००/-(अक्षरेपी तिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं ९ संग सम्वन्धीत

| सि नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम | वडा नं | प्रस्तावित झो. पु. को नाम | झो. पु. चाहिने स्थानको नाम | | नदी खोलाको नाम | चाहिने झो पु को अनुमानित लम्बाई (मि) | बर्ष भरिमा तर्न सकिने समय (महिनामा) | झो पु बाट लाभान्वित जनसंख्या | | प्रस्तावित झो. पु. र हाल भएको झो. पु./ सडक पुलको दुरी (घण्टामा) | झो पु बाट पहुँच हुने सेवाको प्रकार (बजार, स्कुल, स्वास्थ्यकेन्द्र, अन्य) | प्रस्तावित झो.पु. को स्थानको GPS co-ordinate | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दायाँ किनारा तर्फ | बायाँ किनारा तर्फ | | | | दायाँ किनारा तर्फ | बायाँ किनारा तर्फ | | | दायाँ किनारा | बायाँ किनारा |
| १ | बागमती | सिन्धुली | गोलन्जोर गा. पा. | १ | जिमिटार-मान्कुटार | ५० | ५० | ट्याउ खोला | १०० | ९ | ६०० | ५०० | | | | |
| २ | | | | १ | देवीथान-कटुन्जे | २५ | २५ | ट्याउ खोला | ५० | ९ | ४०० | ३४० | | | | |
| ३ | | | | १ | डुडभज्याङ रातमाटे | ५० | ५० | ट्याउ खोला | १०० | ९ | ३५९ | ४०० | | | | |
| ४ | | | | १ | च्याकुटार बेसी-घोर्मु | ७५ | ७५ | सुनकोशी नदी | १५० | ९ | ३५० | ३५० | | | | |
| | | | | १ | कुडुले सिद्धाठाकुर | १०० | १०० | सुनकोशी नदी | २०० | ९ | ४०० | ५०० | | | | |
| ५ | | | | २ | बाहुन डिहि झो पु | ८० | ८० | वितिजोर खोला | १६० | ९ | ५०० | ४०० | | | | |
| ६ | | | | ३ | सान्ने-खोलागाउँ | ७५ | ७६ | बन्दिजोर खोला | १५१ | ९ | ४०० | ६०० | | | | |
| ७ | | | | ३ | जखनीथान देउरालीटार | १०० | १०० | बन्दिजोर खोला | २०० | ९ | ३७० | ४२० | | | | |
| ८ | | | | ४ | खोकलिङ-माझकुभिण्डे | १०० | १०० | वितिजोर खोला | २०० | ९ | ३६० | ३४० | | | | |
| ९ | | | | ४ | रातमाटे-डुँडे | ८० | ८० | मालिङ्गे खोला | १६० | ९ | ४३९ | ३३० | | | | |
| १० | | | | ४ | सिम्लेखोला झो पु | ७५ | ७५ | सिम्लेखोला | १५० | ९ | ३८० | २२० | | | | |

निर्णय नं ९ संग सम्वन्धीत

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | | | | ५ | घट्टेखोला झो पु | ५० | ५० | घट्टेखोला झो पु | १०० | ९ | २७५ | १७५ | | | | |
| १२ | | | | ५ | सुतारछाप- गुरुङडाँडा पर्यटकिय झो पुल | १०० | १०० | खनियाखर्क | १०० | ९ | १८० | २८० | | | | |
| १३ | | | | ६ | डाँडागाउ स्कुल - सुंगुरे | ७५ | ७५ | सुगुरेखोला झो पु | १५० | ९ | १७० | १८० | | | | |
| १४ | | | | ६ | मरिङ्ग घाट विसादी खोला — रामेछाँप | १०० | १०० | सुनकोशी नदिमा | २०० | १२ महिना तर्न नसकिने | ७०० | ६०० | | | | |
| १५ | | | | | | | | | | | | | | | | |
| | | | | ७ | पतासे- माथिल्लो वेशी | ८० | ८० | अघेरीखोला झो पु | १६० | ९ | ४०० | ३१० | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |